कानुनी साक्षरता शृंखला-4

# मर्यादाको प्रश्न

## यौन हिंसाविरूद्ध कानुन 2013



साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

ASSAM STATE LEGAL SERVICES AUTHORITY
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 251636*, FAX : 0361 - 2601843
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১

No. ASLSA-38/2014/60 Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016
(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

170

# मर्यादाको प्रश्न

## ( यौन हिंसाविरूद्ध कानुन 2013 )

### कानुनी साक्षरता शृंखला-4

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**
**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**
**मानव संसाधन विकास मन्त्रालय**
**भारत सरकार**

सत्यमेव जयते

**न्याय विभाग**
**विधि तथा न्याय मन्त्रालय**
**भारत सरकार**

**Myrjadakoo Prasna :** This book is based on legal awareness for the neoliterates on sexual harassment of women at work place. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

| | | |
|---|---|---|
| मूल पुस्तक | : | गरिमा का सवाल |
| पुस्तक तयार पार्ने कार्यशालामा सहयागीहरू | : | सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान |
| भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फ्नबाट कार्यशालामा उपस्थित अधिकारीहरू | : | राजेश देउली, योजना अधिकारी, अङ्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक |
| प्रथम प्रकाशन | : | मार्च 2016 (1000) |
| प्रकाशक | : | राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी-781001 |
| सम्पादन | : | अनुराधा बरूवा, प्रसन्न कुमार कलिता |
| मुद्रक | : | शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी-21 |

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्धारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

---

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म
निदेशक
राज्य स्रोत केन्द्र

# मर्यादाको प्रश्न

मीनाको बिहेको छ बर्षपछि पति जीवनको मृत्यु पैह्रोको चपेटमा परेर भयो। दुइ नानीहरूको पालन पोषणको जिम्मेवारी आफूमाथि पर्न आयो। मीनालाई आफ्नो दु:ख सम्झने फुर्सद नै भएन। घरको काम र नानीहरु सम्हाल्दै मीनाको दिन बित्न थाल्यो। दिन–दिनै घरको आर्थिक स्थिति पनि शिथिल हुनथाल्यो। घरको भाड़ा, नानीहरूको पढ़ाई र खान–लाउनको आर्थिक समस्या आफ्नाअघि आउँदा मीना विचलित हुन थाली।

मीना सिलाई–बुनाईको काममा निकै दक्ष थिई। यही सिलाई–बुनाईको कामले उसको आर्थिक स्थिति सुध्रनसक्ने अनुमान उसले लगाई। यसै सिलसिलामा आफ्नो मनको कुरा साथी गीतालाई सुनाई र मद्‌दत मागी। गीताले आफ्नो पतिलाई भनेर मीनाको कामको व्यवस्था गरिदिने कोसिस गरी।



केही दिनपछि गीताले सिलाई–बुनाईको नमुना बुटिकमा बुझाउने सल्लाह मीनालाई दिई। उसको कामको नमुना हेरेर पारिश्रमिक दिइने समाचार सुनेर ऊ खुसी भई। उसले पहिले नै बनाएका कतिपय बुटिकको सुन्दर नमुनाहरू आफूसंग थियो।

भोलिपल्ट बिहान मीनाले हतार–हतार बिहानको घरको काम सकेर साथी गीताले बताएको बुटिकमा आफ्नो सिलाई

बुनाईको सामान लिएर गई। उसको मनमा राम्रा–नराम्रा कुराहरू खेलिरहेका थिए। मेरा यी नमुनाहरु मनपराई दिएनन् भने म के गर्नु ? यी सामानहरू फर्काउन पर्‍यो भने म अरू के गर्न सक्छु र ? मनमा धेरै कुराहरु सोच्दा सोच्दै बुटिक आईपुगी। मीना विस्तारै बुटिकभित्र पसी।

बुटिकभित्रका सुन्दर बस्तुहरू सुईटर, शाल, साड़ी, हातले बुनेका सामानहरू देखेर छक्क परी। बुटिककी मालिकनी



सीता टुप्लुक्क आईपुगी र के कामले यहाँ आएकी भनेर मीनालाई सोधी ?

आँखाभरी आँसु पार्दै मीनाले आफ्नो दु:खको कहानी र आफू आएको विषयमा विस्तारसंग सीतालाई बताई। आफूले ल्याएका नमुनाहरू मीनालाई देखाई। उसले त्यसको सुन्दर नमुनाहरू देखेर बुटिक मालिकनी छक्क पर्दै भनी – तिम्रो हातको सिप साह्रै राम्रो रहेछ। चिन्ता नगर, म तिमीलाई काम दिन्छु। मालिकनीको यस्तो कुरा सुनेर मीना मनभित्रबाट उसलाई धन्यवाद दिई। मनले सोचेको कुरा यति चाँड़ो पूरा हुन्छ भन्ने उसले सोचेकै थिइन।

बुटिक मालिकनीले एउटा साड़ी, नमूनाको डिजाइन, धागो र अन्य सामग्रीहरू दिंदै मीनालाई एक हप्तामा बनाएर ल्याउन भनी हात लगाई। मनमा ठुलो आशा लिएर ऊ सिधै गीतालाई धन्यवाद टक्रयाउन उसको घर गई। तन–मन लगाएर मीनाले चाँडै त्यो काम सकी र बुटिक मालिक्नीलाई सामान दिन गई। आफ्नो पहिलो कमाईको रूँपिया थाप्न आतुर भई।

उसको हातको काम हेरेर मालिक्नी अति खुशी भई र बुटिकको कर्मचारी रमेशलाई मीनाको पारिश्रमिकको रूँपिया दिन आदेश दिई।



मीनाले बुटिकको जति ठूलो काम गर्थी, त्यति धेरै रूँपिया पाउँथी। उसको घरको आर्थिक स्थितिमा सुधार आएपछि छोरीलाई नजिकको पाठशालामा भर्ना गरिदिई अनि अलिकति पैसा पनि बचाई। उसको हातको सिपको कारणले आफ्नै खुट्टामा उभिन सफल भई। मीनाको सम्पर्कमा आएपछि बुटिकको कर्मचारी रमेशले उमाथि नराम्रो नजर राख्न थाल्यो। आफ्नो कमाईको रूँपिया रमेशको हातबाट थाप्दा धेरैबेरसम्म हात समाउन उसले खोजेको कुरो मीनाले

थाहा पाई। यस कुराको प्रतिवाद उसले पहिले त कसैलाई गरिन।


मीनाको घरको स्थिति रमेशलाई थाहा थियो। गरीब र विधवा महिलाको कमजोरीको फायदा उठाउने मौकामा रमेश थियो। बुटिक मालिकनी गीता नभएको बेला रमेश मीनाको बाटो छेक्दै नराम्रा कुराहरू उसलाई सुनाउन थाल्यो। रमेशको यस्तो नराम्रो व्यवहार उसलाई पटक्कै मन परेन। कतिपल्ट त ऊ घरमा आएर रोई पनि।

एकदिनको कुरो हो, बुटिक कार्यलयमा आफ्नो कामको अर्डर लिन मीना आएकी थिई। कार्यलयमा एक-दुइ कर्मचारी मात्र काममा व्यस्त थिए। मौकाको फाइदा उठाउन



खोज्दै रमेशले मीनाको हात समाएर आफूसंग शारीरिक सम्बन्ध बनाउन खोज्यो। रमेशको यस्तो कुकृत्य देखेर आफू उभिएको धरती भाँसिए झैं भयो। लाचार भएर त्यसदिन केही नलिई मीना रमेशको पञ्जाबाट फुत्केर घर गई र धेरै बेर रोई। पतिको मृत्युपछि पछिल्लोपल्ट पराइ मान्छेले यसरी उसलाई नराम्रो व्यवहार गरेको थियो। घरि–घरि उसको नजरमा यही कुरो दोहरिई रहन्थ्यो।

संयोगवस त्यस दिन मित्र गीतासंग बाटोमा भेट भयो।



उडरले काँपिरहेकी थिई। अफिसको वृतान्त घटना रूँदै उसले गीतालाई सुनाई। उसलाई मनमा डर थियो अर्कोपल्ट अफिसमा पैसा लिन जाँदा रमेशले के गर्ने हो। बुटिकको काम छोडने फैसला उसले गरी।

गीताले शान्तवना दिँदै मीनालाई सम्झाई। काम छोडेर तिमी के गर्छैर्य ? डराउने काम छैन। अर्को ठाउँमा रमेश जस्तो





मान्छे पाइँदैन भन्ने के ग्यारन्टी छ ? महिला अधिकार विषयमा गीता जान्दथी। रमेश जस्तो नीच मान्छेलाई सजाय दिलाउन दुबै अघि बढे। अफिसको अरू महिला कर्मचारीहरुलाई रमेशबाट बचाउन दुवैले निश्चय गरे।

बुटिकको मालिकनी सीतालाई रमेशको कुकृत्यको सम्पूर्ण कहानी मीना र गीताले सुनाए। सीताको कुरा सुनेर रमेश हाँगाबाट खसे झैं भयो। परिवारको चिन्ताले उसलाई सतायो।

सीतासंग माफी माग्दै उसले अबदेखि कहिले पनि यस्तो नराम्रो काम नगर्ने कसम खायो।

आफूले गरेको नराम्रो कामको नतीजा रमेशले भोग्न पर्नेछ भनेर सीताले पुलिस अफिसरको अघि उभ्याई। बलिको बोका बनिसकेको रमेशको अरू उपाय नै थिएन।

पुलिस अफिसरले धम्कयाउँदै रमेशलाई भने उसले गरेको अपराध कानुन ठुलो अपराध हो। यसैकारण महिलाहरू घरबाट निस्कन चाँहदैनन्। काम गर्न निस्केका महिलाहरू यसरी असुरक्षित हुनुमा तिमी जस्तो मान्छेहरु जिम्मेवार छन्। महिलाहरुको मान–मर्यादाको हेरचाह गर्ने कर्त्तव्य पुरुषहरूको हो।

गीताले रमेशलाई भनिन् – यो तिम्रो पहिलो अपराध हो। तिमीलाई सुध्रने मौका दिनेछौं। अबदेखि तिमीले मीनालाई कुदृष्टिले हेर्ने छैनौं। उसको इज्जत गर्न सिक, नत्र तिमी जेल जान पर्ने छ। रमेशको आँखामा पश्चतापको आँसु बगिरहेको थियो। उसले हात जोर्दै मीनासंग माफी माग्यो।

मीनाले ठुलो सहारा पाई। महिलाको मान–मर्यादको रक्षा गर्न कानुन बनिएको कुरो उसलाई थाहा थिएन। मीनालाई ठुलो हौसला मिल्यो। यस संसारमा आफ्ना नानीलाई साथ लिएर शिर उठाएर जिउने प्रेरणा उसले पाई। भगवानलाई धन्यवाद दिंदै उसले आफ्नो शिर झुकाई।

## यौन प्रताडनाको विरूद्ध कानूनी प्रावधान

* महिलाहरूको कर्मस्थलमा लैंगिक उत्पीड़न अधिनियम 2013, फरवरीदेखि सुरू भएको छ।
* यो कानुन घरमा काम गर्ने महिलाहरू (नोकर्नीहरु) माथि पनि लागु हुने छ।
* यस कानुन अन्तर्गत 90 दिनमा अपराधीलाई सजाय दिन पर्ने छ। कार्यलयले यसो नगरेको खण्डमा जुर्माना भर्न पर्ने छ।
* महिलाहरू काम गर्ने ठाउँमा उनीहरू विरूद्ध छेडछाड रोकिएन भने, वा अपराधीलाई दंड दिइएन भने अपराधीले प्रोत्साहन पाउने छ। यसो भएमा कार्यालय बन्द गरिने प्रावधान पनि छ।

* अपराधीले 50,000 रू जुर्माना भर्नु पर्नेछ।
* महिलालाई छुनु, नराम्रो चित्र देखाउनु, नराम्रो बात गर्नु, यौन चाहना गर्नु, आदि छेडछाड अन्तर्गत पर्ने अपराध हो।
* काम गर्ने कार्यलयमा महिलाहरुलाई छेडछाड गर्नु दंडनीय अपराध हो भनेर सूचना लगाउनु पर्ने छ।
* महिलाहरु काम गर्ने कार्यालयमा छेडछाड गर्नेको विरूद्ध गुनासो पोख्न सक्ने महिला समिति हुन जरुरी छ।

# प्रकाशित पुस्तिकाहरू

१) आँखा खुल्यो

२) कुरा मिल्यो

३) मायाको पाठशाला

४) मर्यदाको प्रश्न

५) सुचनाको अधिकार ऐन 2005

६) आशाको करिण

७) अब कोही णोको नरहोस

८) अत्याचारको अन्त

९) रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat

**STATE RESOURCE CENTRE ASSAM**
**1-CD, Mandovi Apartments, GNB Road**
**Ambari, Guwahati-781001**
**E-mail-srcassam@hotmail.com**
**A2J (NE&JK)**
**Copies .......**